बागमती प्रदेश सरकार

# उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय

# यातायात व्यवस्था कार्यालय

राधेराधे, भक्तपुर नेपाल

पत्र संख्या:-२०८३/०८४

मिति:-२०८३/०४/२२

## आंशिक सेवा प्रवाह सम्बन्धी सूचना।

यातायात व्यवस्था कार्यालयहरुबाट प्रदान हुने सम्पूर्ण सेवाहरु अनलाईन प्रणाली मार्फत प्रदान हुने गरी यातायात व्यवस्था विभागबाट नयाँ EDLVS प्रणाली विकास गरी सञ्चालनमा ल्याईएको व्यहोरा अवगत नै छ। सो प्रणाली अन्तर्गत बागमती प्रदेशको हकमा https://edlvrs.bagmati.gov.np मार्फत सवारी चालक अनुमती पत्र सम्वन्धी सम्पूर्ण सेवाहरु लिन सकिने गरी विकास गरिएको उक्त प्रणाली सुरुवाती चरणमा रहेको र सेवा प्रवाहमा केही प्राविधिक समस्याहरु उत्पन्न भई सोको क्रमिक रुपमा सुधारको प्रयास भई रहेको सन्दर्भमा अर्को सूचना प्रकाशित नभएसम्मको लागि हाललाई यस कार्यालयबाट देहायका सेवाहरु प्रदान हुने व्यहोरा सम्पूर्ण सेवाग्राहीहरुमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल:

- यस कार्यालयबाट जारी भएका सवारी चालक अनुमती पत्र (लाईसेन्स कोड-०२-०६-xxxxxxxx )नवीकरणको लागि Online आवेदनहरु प्राप्त भएका सेवाग्राहीहरुको Office Verify तथा Approval को कार्य हुने, सो पश्चात राजश्व भुक्तानी कार्य सेवाग्राहीहरुले Online बाट नै गर्न सकिने, नवीकरण कार्यको लागि कार्यालयमा आईराख्न नपर्ने।
- सवारी चालक अनुमती पत्रको वितरण तथा License Verification को कार्य नियमित रहने।
- Trial Pass भएका सेवाग्राहीहरुले प्रणालीबाट नै भुक्तानी गर्न सकिने।
- अन्य कार्यालयबाट जारी भएका सवारी चालक अनुमती पत्र नविकरणको लागि यस कार्यालयमा Online आवेदन गर्नुहुने सेवाग्राहीहरुले हाललाई प्रणालीबाट नै Change Office गरेर सम्बन्धीत कार्यालयबाट मात्र सेवा लिन सकिने।

(जीवन कुमार बस्नेत)
सूचना अधिकारी